कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र
## वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या : २०८२/०८३ चलानी नं मितिः २०८३/०२/०५

**<u>बीउ बिजन उत्पादन तथा व्यवस्थापन अभिमुखीकरण तालिम संचालन सम्बन्धी सूचना ।</u>**

सूचना प्रकाशन मिति २०८३/०२/०५ गते

यस कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, कर्णाली प्रदेश, सुर्खेतको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कर्णाली प्रदेशमा बीउ बिजन कारोवारमा संलग्न बीउ व्यवसायीहरुलाई बीउ बिजन खरिद बिक्रीको लागि **<u>बीउ बिजन उत्पादन तथा व्यवस्थापन सम्वन्धी ३ दिने अभिमुखीकरण तालिम</u>** सञ्चालनको लागि मिति २०८२/१२/१७ गते प्रकाशित ३० दिने सूचना बमोजिम यस प्रशिक्षण केन्द्रमा दर्ता भएका जम्मा ७२ वटा आवेदनहरुमध्ये प्रशिक्षण केन्द्रको मिति २०८३/०१/२४ गतेको निर्णय अनुसार छनौट भएका आवेदक/व्यवसायीहरुलाई यस प्रशिक्षण केन्द्रको तालिम हलमा मिति २०८३।०२।१५ देखि २०८३।०२।१७ गते सम्म तालिम संचालन हुने भएकोले तपसिलमा उल्लेखित कागजात सहित तालिम कार्यक्रममा सहभागी हुन सम्बन्धित सवैमा जानकारीको लागि अनुरोध छ। **तालिम अवधिभर खाना, आवास र आउनेजाने यातायात खर्च** स्वयम् सहभागीले व्यवस्था गर्नुपर्नेछ।

<u>तपसील</u>

१. नागरिकताको प्रतिलिपि थान-१
२. संस्था दर्ताको प्रमाण पत्र
३. पान नं
४. शैक्षिक योग्यताको प्रतिलिपि (कम्तीमा १० पास)
५. पासपोर्ट साइजको फोटो- २ प्रति

धन बहादुर कठायत
वरिष्ठ कृषि प्रसार अधिकृत
केन्द्र प्रमुख


फोन नं : ०८३-५२०४६/५२५३५४